# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।१४ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

जिल्ला शिक्षा कार्यालय, प्युठान अन्तर्गत शिक्षक पदमा कार्यरत बिमला आचार्यको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली/झुट्टा रहेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज शिक्षिका बिमला आचार्यले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, भारतबाट प्राप्त हाइस्कुल तहको नक्कली/झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी दाङवाङ माध्यमिक विद्यालय, प्युठानमा प्रा.वि. राहत अनुदान कोटाको शिक्षक पदमा नियुक्ति लिई लाभसमेत लिएको देखिँदा निज बिमला आचार्यको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता